# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार १० गते २०३१ साल

श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

निजामती सेवा नियमावली, (संशोधन सहित) २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले विराटनगर र नेपालगञ्जमा स्थापना भएको भूमि-सुधार मन्त्रालय, नापी विभाग अन्तर्गतका क्षेत्रीय मेण्टेनान्स नापी कार्यालयहरूलाई सोही नियमको अनुसूची १ (ख) मा समावेश गर्ने गरी तोकी दिएको छ।

आज्ञाले-
ऋषिप्रसाद खनाल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

निजामती सेवा नियमावली, (संशोधन सहित) २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल लोक सेवा आयोग अन्तर्गतका निम्नलिखित प्रादेशिक कार्यालयका प्रमुखहरूलाई सोही नियमावलीको अनुसूची १ (क) मा समावेश गर्ने गरी तोकी दिएको छ ।

(१) पूर्वाञ्चल प्रादेशिक कार्यालय, धनकुटा ।

(२) मध्यमाञ्चल प्रादेशिक कार्यालय, काठमाडौं ।

(३) पश्चिमाञ्चल प्रादेशिक कार्यालय, पोखरा ।

(४) सुदूर पश्चिमाञ्चल प्रादेशिक कार्यालय, सुर्खेत ।

आज्ञाले–
बिष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

१८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।